# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/०४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------------

जिल्ला शिक्षा कार्यालय सर्लाहीमा कार्यरत उप-सचिवद्वय रामहरी रिजाल र वासुदेव तिमल्सिनाले जनज्योती माध्यामिक(उ.मा.बि.) बिद्यालय लालबन्दी, सर्लाहीमा थप दरबन्दी निकासा तथा नियुक्ति प्रयोजनका लागि विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासबाट खटिई गएको टोलीले निजहरुलाई रु.४,००,०००/-(चार लाख) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा, निजहरुलाई जनही बिगो रु.४,००,०००/-(चार लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

खगेन्द्र प्रसाद रिजाल
सहायक प्रवक्ता एवं सूचना अधिकारी